श्रीमान यस सभाका सभाध्यक्ष ज्यु
गाउँसभाका सदस्य ज्युहरु
पत्रकार मित्र
उपस्थित सम्पूर्ण कर्मचारी साथीहरु

नेपालको ईतिहासमा जनताको सार्वभौम शक्ति समेतको समावेशी एवं समृद्ध राष्ट्र निर्माणको अभियानमा ताँजाकोट गाउँपालिका लगायत देश भरिका न्याय प्रेमी जनताको अविस्मरणीय योगदानाको कदर गर्दै वर्तमान धरातलमा उभिएर नयाँ इतिहासको रचना गर्ने बेला आएको छ। यस ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्नका लागि उच्च संकल्पका साथ नेपाल सरकारले अगाडि सारेको समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय अभियानलाईआत्म साथ गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि चौथो पटक आ ब २०७८।०७९ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा खुशी तथा गौरवान्वित भएको छु। यस अवसरमा जनयुद्ध लगायत विभिन्न सयमयमा भएका ऐतिहासिक जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।साथै वेपत्ता घाइते अपाङ्ग र नेपाली जनताको सदिऔ देखिको परिवर्तनको सपना साकार गर्ने पर्ने कामको पहल कदमी लिने अग्रणी नेंतृत्व प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।यस सभाका सभाध्यक्ष ज्यु , गाउँ सभाका सदस्य ज्युहरु यस आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

१ सन् २०१९ को डिसेम्वरको अन्तिम साताबाट छिमेकी मित्र राष्ट्र चीनको बुहान शहरबाट उत्पन्न भई हाल विश्वका अधिकांश राष्ट्रहरुमादोश्रो लहरको कोरोना भाईरस कोभिड १९ को महामारीबाट ताँजाकोट बासी आमाबुवा दाजुभाई दिदी बहिनी अछुतो रहन सकेनन र हामीले समेत उक्त महामारीबाट गाउँपालिका बासीलाई अक्षुतो राख्न सकेनौ तर जति सुकै कोभिड १९ को संक्रमण दर समुदाय स्तरमा फैलिए पनि हाम्रा स्वास्थ्यक्रमी साथीहरुको अथक मेहनत र प्रयासका बाबजुत प्रकोप हाम्रो नियन्त्रण भन्दा बाहिर जान सकेन त्यसका लागि सर्वप्रथम स्वास्थ्यक्रमी साथीहरु, सुरक्षाक्रमी मित्रहरु लगायत गाउँपालिकाको सिंङगो टिमलाई म हृदय देखि नै आभार प्रकट गर्न चाहन्छु ।कोभिड १९ को प्रकोपबाट सबैलाई बचाउनु हाम्रो प्रमुख चुनौतिको रुपमा रहेको छ । यसको रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले ठूलो धनराशी खर्च गर्नु पर्ने बाध्यता समेत हाम्रा सामु रहेको छ । त्यस माहामारीको प्रकोपबाट बचाउन आवश्यक पर्ने एन्टिजेन्सकिट परिक्षणका लगायत अन्य कोरोना महामारी नियन्त्रण सम्बन्धित आवश्यक पर्ने उपकरण खरिद गरि हाम्रा जनतालाई बचाउन हालसम्म

बादल मल्ल
अध्यक्ष

Scanned with CamScanner

अथक प्रयास गरिएको छ र अझ थप प्रयास गरिने छ र त्यसका लागि उचित वजेटको व्यवस्था गरिने छ।

२ समाजवादमा आधारित जनसहभागिता मूलक विकास र सुशासन सहितको समृद्ध ताँजाकोट निर्माणका लागि शान्ति समृद्धि र समतामुलक समाज निर्माण मार्फत न्यायपूर्ण एवं समावेशी समाजवादी व्यवस्थाको आधार तयार गरिने छ ।

३ खाध्य संप्रभुता,खाध्य र पोषण सुरक्षाको प्रत्याभुति दिईने छ ।

४ जनताका ईच्छा आकांक्षा आवश्यकता र मागमा आधारित बैज्ञानिक योजना निर्माण गरि त्यसको कार्यान्वयन गरिने छ ।

५ विश्व महामारीको रुपमा फैलि रहेको कोरोना भाईरस कोभिड १९ बाहेक स्वास्थ्य र शिक्षा क्षेत्रमा प्राथमिकताका साथ कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

६ गाउँ गौरबको रुपमा रहेका ग्रामीण विधुतीकरण योजनालाई विस्तार गरी प्रत्येक जनताको घरमा उज्यालो कार्यक्रम अन्तर्गतहाल निर्माणाधिन रुपमा रहेको कवाडी खोला लघु लजविधुत योजनाको कामलाई यसै आर्थिक वर्षको मध्यवधि समयसम्म सम्मन्न गर्ने गरि काम अगाडि बढाईने छ ।

७ यस गाउँपालिकामा रिङरोड निर्माणका लागि हाल निर्माणको क्रममा रहेको मैला कवाडी देखि छप्रेला, वडा नं ४ को कार्यालय गोठेलवाडा हुँदै वडा नं ५ को कार्यालय र वडा नं ४ को पैमा देखि गोठेलवाडा र वडा नं ५ को वडा कार्यालय जोड्ने ग्रामीण सडक निर्माणका लागि कर्णाली प्रदेश सरकारको समन्वय र सहकार्यमा उक्त कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ ।

८ स्थानीय तहको निर्वाचन हुँदा हालका जनप्रतिनिधिको टोलीले उम्मेदवार हुँदा जनताको घर घरमा जाँदा एक घर एक पानीको धारा र एक शौचालय निर्माणा गर्ने भन्ने मुख्य नारालाई साकार बनाउन संघीय खानेपानी मन्त्रालय र विभागसँगको सहकार्यमा उक्त कार्य यसै आर्थिक वर्ष भित्र खानेपानी योजना निर्माण नभएका गाउँ बस्तीमा खानेपानीका धाराहरु जडान गरिने छ

९ हालको प्रदेश सरकारद्धारा गाउँपालिकामा आउने अनुदान रकमलाई सिधै गाउँपालिलकामा नदिई जिल्ला स्थित आफ्ना कार्यालयद्धारा योजना कार्यान्वयन गर्दा जनताले हिजोको जस्तै केन्द्रिकृत राज्य प्रणालीको आभाष हुने भएकोले अवका दिनहरुमा कर्णाली प्रदेश सरकारबाट यस गाउँपालिकामा निकासा हुने रकम सिधै गाउँपालिकाको संचित कोष खातामा निकासाका लागि पहल गरिने छ ।

१० यस गाउँपालिका भित्र रहेका श्री चन्द्र प्रकाश मावि भवन निर्माण , श्री धर्मोदय मावि भवन निर्माण, श्री मूदनादेव मावि र श्री जन प्रकाश मावि भवननिर्माण

बागदल मल्ल
अध्यक्ष

Scanned with CamScanner

लगायतव्यवस्थापनमा समेत विशेष ध्यान दिईने छ र शिक्षकको आवश्यक व्यवस्था गरिनेछ। साथै गाउपालिका भित्र रहेका अन्य विद्यालयको भौतिक पूर्वाधार विकासका लागि कर्णाली प्रदेश सरकारको विशेष समन्वयमा कार्य अगाडि वढाईने छ ।

११राज्यको तीन अंगहरु व्यवस्थापिका कार्यपालिका र न्यायपालिका मध्ये ताँजाकोट गाउँपालिकाको न्याय सम्पादनलाई आगामी दिनमा विशेष महत्वका साथ कार्य गरिने छ र यसको व्यवस्थापन गरिने छ र भएका काम कारबाहीलाई व्यवस्थित अभिलेखीकरण गरिने छ ।

१२ यस गाउँपालिकामा स्वास्थ्य सेवालाई गुणस्तरीय वनाउन हालसम्म कार्यरत महिला स्वयम सेविकालाई सम्मानजनक विदाई गरि नेपाल सरकारद्धारा जारि महिला स्वास्थ्य स्वयमं सेविका कार्यविधि २०७४ बमोजिम कम्तिमा ८ कक्षा पास गरेका महिला दिदी बहिनीलाई चालु आ ब २०७७।०७८ को असार मसान्त भित्र छनोट गरिने छ ।

१३ नेपाल सरकारको पूर्णखोप स्थानीय तह घोषणा गर्ने लक्ष्य उद्देश्य अनुसार यस गाउँपालिकामा खोप व्यवस्थापनका लागि भ्याक्सिन सव सेन्टर स्थापना गरि उक्त सव सेन्टरका लागि आवश्यक डिप फ्रिज लगायत अन्य औजार उपकरणको व्यवस्थाका लागि कर्णाली प्रदेश सरकारसँग समन्वय गरिने छ ।

१४ यस गाउँपालिकाका सवै वडा बस्ती बमा रहेका नागरिकको स्वास्थ्य स्थितिलाई ध्यानमा राखी यस गाउँपालिकामा आवश्यक औषधी तथा स्वास्थ्य उपकरण खरिदका लागि उचित बजेटको व्यवस्था गरिने छ ।

१५ यस गाउँपालिका भित्र रहेका सबै माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि महिनावारी भएको समयमा सरसफाईको कमीको कारणले हुने विभिन्न रोगहरुबाट बचाउन सबै माध्यमिक तथा आधारभुत विद्यालयमा निशुल्क सेनेटरी प्याड वितरणका लागि उचित बजेटको व्यवस्था गरिने छ ।

१६ यस ताँजाकोट गाउँपालिकाको शिक्षाको स्थितिमा सुधार ल्याउन आर्थिक वर्ष २०७६।०७७ मा पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने लक्ष्य लिएको भएता पनि विश्वभर फैलिएको कोभिड १९ का कारणले सफल गर्न नसकिएतापनि आर्थिक वर्ष २०७८।०७९ मा उक्त लक्ष्यलाई पुरा गरिने छ ।

१७ यस गाउँपालिकामा निर्माण गरिने आवश्यक महत्वपूर्ण भौतिक पूर्वाधारका संरचना निर्माण गर्दा आवश्यक पर्ने डिपिआर तयार भई सकेको अवस्थामा अव उप्रान्त निर्मामण हुने भवनहरुभवन निर्माण सहिता अनुसारका भौतिक संरचनाहरु तयार गरिने कामको थालनी गरिने छ र गाउँ तथा वडा स्तरमा निर्माण हुने घर निर्माण गर्दा अनिवार्य रुपमा नक्शा पासको कामलाई शुरुवात गरिने छ ।

बाग्दल मल्ल
अध्यक्ष

Scanned with CamScanner

१८ यस गाउँपालिकाका अधिकांश किसानहरु कृषि पेशामा आवद्ध भएका कारण कृषिमा आधुनिकीकरण गर्न पुराना रैथाने अन्नबालीको संरक्षण गर्ने र उन्नत जातका फलफुल का विरुवा बालीका बिरुवा तथा विउ वितरण कार्यलाई समेत उच्च प्राथमिकता दिईने छ ।

१९ यस गाउँपालिकाको वडा नं ५ को डुङ्ग्री क्षेत्र र वडा नं ३ को बदेलचौर नाउली तथा ठूलाखोला क्षेत्रमा उन्नत जातका स्याउका विरुवा वितरण गरि सो क्षेत्रमा बसोबास गर्ने किसानहरुको जीवनस्तर सुधारमा विशेष पहल गरिने छ साथै सो कार्यका लागि आर्थिक वर्ष २०७८।२०७९ मा फलफुल कार्यक्रम अन्तर्गत उचित वजेटको व्यवस्था गरिने छ । सो योजनाबाट जनताको जीवनस्तरमा सुधार हुने आशा लिएको छु ।

२० यस गाउँपालिकामा रहेका पशुपालक कृषकहरुको पेशालाई सुरक्षित र मुनाफायोग्य बनाउन परम्परागत रुपमा रहेका राँगा बोकाको विस्थापन गरि विकसित जातका राँगा बोका तथा साँढे वितरण कार्यलाई विशेष प्राथमितकाता दिन रकम विनियोजना गरिने छ

२१ निर्माणाधिन पिडिना भैसाबाझ वडा नं १को वडा कार्यालय जोड्ने ग्रामीण सडकलाई थप स्तर उन्नति गरि गरिने छ र भैसाबाझ काँडागाउँ सडकलाई यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरि उचित बजेटको व्यवस्था गरिने छ ।सावरीका साधनहरु संचालनमा रहेका वडा नं २, ३ र ४ मा यसै आर्थिक वर्षमा सलज तरिकाले सवारीका साधनहरु संचालन हुने व्यवस्था गरिने छ र वडा नं ५ को वडा कार्यालय जोड्ने मोटेखोला वडा नं ५ कार्यलय जोड्ने सडकलाई यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ । जसका लागि उचित वजेटको व्यवस्था गरिएको छ ।

२२संचारको क्षेत्रमा विश्व व्यापीकरण भई रहेको अवस्थामा यस ताँजाकोट गाउँपालिकाका जनताहरु संचारको सहज पहुचबाट टाढा रहेको परिप्रेक्षमा नेपाल टेलिकमसँगको समन्वयमा नेपाल टेलिकमको 4G टावर निर्माणगरि संचार सुबिधालाई विस्तार गरिने छ

२३यस क्षेत्रको सिंचित खेती योगय जमिन सिंचाई सुविधाको अभावमा किसानहरुले आफ्नो लगानी अनुसारको प्रतिफल प्राप्त गर्न नसकि बर्षेनी भोकमरीको समस्य भोक्दै आएका यस क्षेत्रका किसानहरुको सो समस्या समाधानका लागि भकारे भाटगाउँ सिंचाई कुलो पैमा जिउला सिंचाई कुलो चिहीगाड गल्लावाडा सिचाई कुलो निर्माणका लागि संघीय सरकार, कर्णाली प्रदेश सरकार र अन्य साझेदार निकायाको पहलमा निर्माण कार्यलाई यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ ।

२४ यस क्षेत्रका पुरातात्तिक महत्वका क्षेत्रहरुको संरक्षणका लागि सोसँग सरोकारवाला निकायहरुसँगको समन्वयमा कार्य अगाडी बढाईने छ ।

...गदल मल्ल

Scanned with CamScanner

२५ जिल्ला सदरमुकामदेखी ४८ कोष टाढा रहेको यस गाउँपालिकामा रहेका नागरिकहरुका आधारभुत औषधी उपचार समयमा नै हुन नसकि अकालमा नै ज्यान गुमाउनु पर्ने बाध्यतालाई ध्यानमा राखी आर्थिक वर्ष २०७७।०७८ को बजेटबाट गाउँपालिकाको आफ्नै श्रोत र कर्णाली प्रदेश सरकारको संयुक्त साझेदारीमा एम्बुलेन्स खरिदका लागि रकम भुक्तानी भई सकेको र एम्बुलेन्स केहि समयमा प्राप्त हुने अवस्थामा रहेको हुँदाउक्त एम्बुलेन्सलाई व्यवस्थित तरिकाले संचालन गरि जनताको स्वास्थ्य अवस्थालाई सहज र सरल गरिने छ ।

२६.सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढिकरण तथा व्यवस्थित गर्न यस आ ब देखि सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रणालीलाई अनिवार्य रुपमा बैकिंङ प्रणालीमा आवद्ध गरिने छ भने व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनिवार्य रुपमा अनलाईन प्रणालीमा आवद्ध गरिने छ ।

२७. रोजगारी गुमाएका तथा विदेशबाट स्वदेश फर्किएका लघु उद्यम गर्न चाहने युवाहरुलाई लघु उद्यममा आकर्शिषत गरी लघु उद्यमी सिर्जना गरिने छ ।

२८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार रहेका गाउँपालिका भित्रका प्रत्येक बेरोजगार युवाहरुलाई १०० दिनको रोजगारी सृजना गरि बेरोजगारीको समस्यालई समाधान गरिने छ ।बेरोगार व्यक्तिको सुचीमा सुचिकृत व्यक्तिको अनिवार्य रुपमा बैक खाता खोली बैक मार्फत कामको ज्याला वापत रकम बैक खाता मार्फत भुक्तानी गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ ।

२९.यस गाउँपालिका भित्र रहेका दलित तथा महिलालाइ इन्जिनियर पढन चाहने १/१ जना र एम.वि.वि.एस.पढन चाहने जेहेन्दार १ जना विद्यार्थीलाइ छात्रवृत्ति प्रदान आ व २०७७।०७८ को गाउँ सभाको नीतिलाई निरन्तरता दिईने छ ।

३० यस गाउँपालिकाका विभिन्न विद्यालयहरुमा कार्यरत निजी श्रोतका शिक्षकहरुलाई समेत गाउँपालिकाको सिमित श्रोत साधनलाई समेत आधार मानी शिक्षक सरहरुको मनोवल बढाउन शुरु तलबमानमा रु १५०० का दरले सेवा सुविधा थप गरिएको छ । जसबाट विद्यालयमा कार्यरत शिक्षक साथीहरुको मनोबल बृद्धि भई शैक्षिक गुणस्तरमा सुधार हुने लक्ष्य लिईएको छ ।

३१ यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आबश्यकता अनुसार बालविका केन्द्र शिक्षक अनुदान कोटा र कम्प्युटर शिक्षकको व्यवस्था गर्ने व्यवस्था गरिने छ ।

३२.समाजमा रहेका छुवाछुत तथा छाउपडी प्रथा अन्त्य गर्नका लागि कडा कदम चालिने छ ।र यदि समाजमा यस्ता खालका कुनै क्रियाकलाप भएको पाईएमा त्यसलाई कडा कारबाही गरिने छ ।

बागदल मल्ल
अध्यक्ष

Scanned with CamScanner

३३.यस ताँजाकोट गाउँपालिकामा सास्कृतिक सम्पदाको संरक्षणमा विशेष जोड दिइनेछ ।

३४.यस गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने ताँजाकोट रानिसैन पर्यटन पद मार्ग र ताँजाकोट अदानचुली झारमाण्डौंको विकासमा विशेष ध्यान दिइनेछ ।

३५ गाउँपालिकाको आन्तरिक आम्दानीका श्रोतहरुको खोजी जल जमिन र जंगल पर्याटकिय क्षेत्रको विकास गरिन् छ ।

३६ निर्माणाधिन कवाडी खोला लघु जलविधुत योजना र मिनिग्रिड सोलार जडान कार्यक्रम यसै आर्थिक वर्षमा सम्पन्न गरि यस गाउँपालिकाका सबै घरहरुलाई उज्यालो बनाईने छ

३७ जनयुद्ध तथा जन आन्दोलनका घाइते र सहिद परिवार अपाङ्ग वेपत्ता परिवारका शिक्षा स्वास्थ्य र रोजगारीमा बिशेष जोड दिइने छ ।


३८ कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालय विरेन्द्रनगर सुर्खेतसँगको समन्वयमा यस आ ब मा निर्माण कार्य हुन बाँकी एकिकृत बस्ती विकास अन्तर्गतका घर निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

धन्यवाद

मन्जु वुढा

मिति २०७८।०३।१०

यस सभाका सभाध्यक्ष ज्यु गाउँ सभाका सदस्य ज्युहरु यस आर्थिक वर्ष २०७७।०७८ को ताँजाकोट गाउँपालिको विनियोजन ऐन २०७७ तथा बार्षिक बजेट यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।



## आ.व.२०७८/०७९ को अनुमानित आय व्ययको विवरण

रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|
| आयः | २४५०४१.४६ | ३१७४१६.६२३ | ३८०८९९.९४८ |
| राजस्वः | ५५४.६२६ | ६०० | ७२० |
| आन्तरिक राजस्व | ५५४.६२६ | ६०० | ७२० |
| राजस्व बाँडफाँडबाटप्राप्त रकम | २५२२९.७२७ | ४४५२० | ५३४२४. |
| नेपाल सरकारबाटप्राप्त | २५२२९.७२७ | ४४५२० | ५३४२४. |
| प्रदेश सरकारबाटप्राप्त | ० | ० | ० |
| अन्तर सरकारी वित्तीयहस्तान्तरण | २१९२५७.१०७ | २७२२९६.६२३ | ३२६७५५.९४८ |
| नेपाल सरकारबाटप्राप्त | १४४४७५.२ | २३७२०० | २८४६४० |
| प्रदेश सरकारबाटप्राप्त | ४८०३५ | ३३०४२ | ३९६५०.४ |
| अन्तर स्थानीय तहबाटप्राप्त | ० | ० | ० |
| अन्य सस्थाबाट प्राप्त | २६७४६.९०७ | २०५४.६२३ | २४६५.५४८ |
| जनसहभागिताः | ० | | ० |
| नगद सहभागिता | ० | | ० |
| श्रम तथा वस्तुगतसहायता | ० | | ० |
| व्ययः | २४५०४१.४६ | ३१७४१६.६२३ | ३८०८९९.९४८ |
| चालु खर्च | १४५४२४.०२९ | १६२७५४.६२३ | १९५३०५.५४८ |
| पूँजिगतखर्च | ९९६१७.४३१ | १५४६६२ | १८५५९४.४ |
| | | | |
| बजेट बचत (+)/न्यून (-) | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्था | ० | ० | ० |

३

अध्यक्ष

| | | | |
|---|---|---|---|
| **नेपाल सरकारबाटप्राप्त अनुदानः** | | | |
| वित्तीय समानीकरण अनुदान | ६६००० | ७०००० | ८४०० |
| सशर्त अनुदान | ८८५००० | १०८४०० | १३००८ |
| समपूरक अनुदान | ४००० | ३७६०० | ४००० |
| विशेष अनुदान | ५००० | २१२०० | २००० |
| राजस्व बाँडफाँड | ४४२०.८५७० | ४४५२० | ४५०० |
| जम्मा | २०७७०.८५७० | २८१७२० | ३१९०८० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| वित्तीय समानीकरण अनुदान | १०११७ | ६२४२ | ७४९० |
| सशर्त अनुदान | ७००० | ८३०० | ९९६ |
| समपूरक अनुदान | १२००० | १५००० | १००० |
| विशेष अनुदान | ४५०० | ३५०० | ५०० |
| जम्मा | ३३६१७ | ३३०४२ | ९९८६४ |
| **अन्य स्थानीय तहबाटप्राप्त अनुदानः** | | | |
| सशर्त अनुदान | | ० | ० |
| समपूरक अनुदान | | ० | ० |
| विशेष अनुदान | | ० | ० |
| | | ० | ० |
| **जनसहभागिताः** | | ० | |
| नगद सहभागिता | | ० | |
| श्रम तथा वस्तुगत सहायता | | ० | |

बागदल मल्ल
अध्यक्ष



Scanned with CamScanner

| आर्थिक वर्ष २०७८।०७९ मा ताँजाकोट गाउँपालिकाबाट चालु खर्चमा विनियोजन रकम | | | |
|---|---|---|---|
| सि न | बजेट शीर्षकको नाम | विनियोजित रकम | कैफियत |
| १ | तलब | ६१६९१६० | |
| २ | स्थानीय भत्ता | १७८५००० | |
| ३ | महगी भत्ता | ३६०००० | |
| ४ | पोशाक भत्ता | ७५०००० | |
| ५ | कार्यालय संचालन | १८५०००० | |
| ६ | घर भाडा | २५०००० | |
| ७ | अन्य भत्ता | १०००००० | |
| ८ | संचालन तथा मर्मत खर्च | ६००००० | |
| ९ | ईन्धन तथा अन्य प्रयोजन | ३००००० | |
| १० | फर्निचर तथा फिक्चर्स | ५५०००० | |
| ११ | मेसिनरी औजार | ५५०००० | |
| १२ | ईन्धन खर्च | ३६०००० | |
| १३ | पानी बिजुली | १००००० | |
| १४ | संचार खर्च | १२५०००० | |
| १५ | अनुगमन तथा मुल्याङन | १५००००० | |
| १६ | भ्रमण खर्च | २०००००० | |
| १७ | विविध खर्च | ३०००००० | |
| १८ | करार कर्मचारीहरुको सुविधा | ९८३५००० | |
| १९ | जन प्रतिनिधिहरुको सेवा सुविधा | ४०३२००० | |
| २० | आ ब २०७६।०७७ को जन प्रतिनिधिको भुक्तानी दिन बाँकी सेवा सुबिधा | २७०९००० | |
| २१ | गाउँपालिका शिक्षकको तलब भत्ता | १३०००००० | |
| २२ | वडा कार्यालयको चालु खर्च | ४९५०००० | |
| २३ | स्वास्थ्य तर्फ | २०००००० | |
| २४ | कृषि विकास शाखा तर्फ | १०००००० | |
| २५ | पशु शाखा तर्फ | १०००००० | |
| २६ | न्यायिक समिति तर्फ | ५००००० | |
| | कुल जम्मा | ६१४००१६० | |

बागदल मल्ल
अध्यक्ष

Scanned with CamScanner

आ ब २०७८।७९ मा पुजीगत अनुदान अन्तर्गतका योजनाहरुमा विनियोजित बजेट

| | | | |
|---|---|---|---|
| १ | प्रशासकीय भवन | ताँजाकोट ३ | ५०००००० |
| २ | छप्रेला गापा सडक निर्माण | ताँजाकोट ३ | ३०००००० |
| ३ | विपद व्यवस्थापन | ताँजाकोट ३ | ३०००००० |
| ४ | कवाडी खोला लघू जल विधूत योजना | ताँजाकोट १ | ५०००००० |
| ५ | ओख्ल खानेपानी योजना | ताँजाकोट ३ | १०००००० |
| ६ | वडा नं ५ जोड्ने सडक निर्माण | ताँजाकोट ५ | ५०००००० |
| ७ | दूज्जेलमस्टा मन्दिर निर्माण | ताँजाकोट ४ | ३५०००० |
| ८ | गा पा टहरा निर्माण | ताँजाकोट ३ | १६६०००० |
| ९ | गा पा सिमानामा गेट निर्माण | ताँजाकोट २ र | ६००००० |
| १० | भैसाबाझ स्वास्थ्य ईकाइ फिल्ड निर्माण | ताँजाकोट १ | १००००० |
| ११ | जगतमाला प्रा वि फिल्ड निमाण | ताँजाकोट ३ | १७०००० |
| १२ | भैसाबाझ काडागाउ सडक निमाण | ताँजाकोट १ | १५००००० |
| १३ | बिशाल माछापालन फर्म अनूदान | ताँजाकोट १ | ३००००० |
| १४ | बूद्धि विकास प्रा वि फर्निचर निर्माण | ताँजाकोट ४ | १५०००० |
| १५ | धर्मोदय मा वि फनिचर निर्माण | ताँजाकोट ३ | १५०००० |
| १६ | प्रकाश माछापालन फर्म अनूदान | ताँजाकोट २ | ३००००० |
| १७ | कैलाशदेव प्रा वि भवन निर्माण | ताँजाकोट ५ | १०००००० |
| १८ | हिउपहिरा गोठेलवाडा सडक निमाण | ताँजाकोट ४ | ५०००००० |
| १९ | समाबेशी तर्फ | | १०००००० |
| २० | विविध | | १५५०००० |
| २१ | गाउपालिका अन्तर्गतका सडक मर्मत | | १५००००० |
| २२ | वडा नं २ का कार्यालय जोड्ने सडक | ताजाकोट २ | १०००००० |
| २३ | बिबेश कृषि तथा मौरीपालन फर्म | ताजाकोट ५ | २००००० |
| २४ | सेरामूल दृखि सिमसेरासम्म सिचाई योजना | ताजाकोट २ | १७३०००० |
| २५ | पैमादेखि छेडा हाल्नासम्म बाटो निर्माण | ताजाकोट २ | १४९०००० |
| २६ | खर्से खोलादेखि हून खेतसम्म खा.पा.योजना | ताजाकोट २ | ९३०००० |
| २७ | काडागाउदेखि भोक्नसम्म घो बाटो निर्माण | ताजाकोट १ | ६३०००० |
| २८ | बौल्याना बालशिक्षा भवन मर्मत | ताजाकोट १ | २००००० |
| २९ | मेला खाल स्याउफर्म सिचाइ ट्यांकी निर्माण | ताजाकोट १ | ७००००० |
| ३० | जन प्रकाश मावि शोचालय निर्माण | ताजाकोट १ | ६००००० |
| ३१ | जमिन डाडा देखि पूमपानीसम्म बाटो | ताजाकोट १ | ५३०००० |
| ३२ | गोलखेडी देखि जिमानासम्म बाटा निर्माण | ताजाकोट १ | ८३५००० |

बागदल मल्ल
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३३ | जनक प्रा वि बालविकास व्यवस्थापन | ताजोकोट १ | ५०००० |
| ३४ | सिमदेखि भाडओडारसम्म खानेपानी मर्मत | ताजोकोट ५ | २५५००० |
| ३५ | सेरी मन्दिर निर्माण | ताजाकोट ५ | २४०००० |
| ३६ | जनजागृति भवन निर्माण | ताजोकोट ५ | १३८५००० |
| ३७ | मदाना स्वास्थ्य चौकी खानेपानी मर्मत | ताजोकोट ५ | २५०००० |
| ३८ | सल्लेरी देखि रातापैरासम्म बाटो निर्माण | ताजाकोट ३ | १०००००० |
| ३९ | मासपूर घट्टेखोला काठेपूल निर्माण | ताजाकोट ३ | २००००० |
| ४० | रोकायाबाडा देखि ठूलाखोलासम्म बाटो निर्माण | ताजाकोट ३ | ३५०००० |
| ४१ | मेला स्वास्थ्य चौकी देखि पिप्लेडीसम्म बाटो निर्माण | ताजाकोट ३ | ५६०००० |
| ४२ | बिनाइका देखि समेजू पूज्नासम्म बाटो निर्माण | ताजाकोट ३ | ६६५००० |
| ४३ | पाथरकाटे देखि लामाजाडासम्म ढल निकास | ताजाकोट ३ | ४२०००० |
| ४४ | सूगूरडाडा देखि तूललोटेसम्म बाटो निर्माण | ताजाकोट ३ | १५०००० |
| ४५ | हपिरामा देखि आशीकार्नासम्म ढल निकास | ताजाकोट ३ | ६९०००० |
| ४६ | चोतारी गाउ बालशिक्षा भवन निर्माण | ताजाकोट ३ | १३९०००० |
| ४७ | कैलाश माडू मन्दिर निर्माण | ताजाकोट ४ | ३००००० |
| ४८ | सिरुपाटा देखि ठूलाथानसम्म बाटो सोलिङ | ताजाकोट ४ | ५००००० |
| ४९ | घट्टखोला बागगोठेसम्म सिचाई कूलो मर्मत | ताजाकोट ४ | ८५०००० |
| ५० | जिमकोईराला देखि भकारसम्म ढल निकास | ताजाकोट ४ | ५२५००० |
| ५१ | भदालदिपू देखि आमलीडाडासम्म बाटो निर्माण | ताजाकोट ४ | ६१०००० |
| ५२ | बाइगाउ देखि खाली खेत बाटो निर्माण | ताजाकोट ४ | ३३०००० |
| ५३ | रमना कुखुरा फर्म निर्माण | ताजाकोट २ | १५०००० |
| ५४ | सामुदायिक स्वास्थ्य ईकाइ घेरबार | ताँजाकोट ३ | ५००००० |
| ५५ | वडा नं ५ को शौचालय मर्मत | ताँजाकोट ५ | २००००० |
| ५६ | वडा नं ५ मा रहेको नमस्ते टावर मर्मत | ताँजाकोट ५ | १००००० |
| ५७ | वडा नं १ मा कुटानी पिसानी मिल निर्माण | ताँजाकोट १ | २००००० |
| ५८ | बूका दह देखि सिम्लसम्मको बाटो निर्माण | ताजाकोट ४ | १०००००० |
| | | | |
| | | | ५९०४५००० |

बागदल मल्ल
अध्यक्ष

Scanned with CamScanner